नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २०३ २०८२ साल चैत ३ गते मंगलबार (17 Mar 2026 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : 'जेनजी आन्दोलन भ्रष्टाचार, ... ३ पृष्ठमा : होर्मुज बन्द : विश्व बजारमा ... ३ पृष्ठमा : अन्तर्राष्ट्रिय तेल आपूर्ति ...

## उद्घाटन भएको दश महिना वित्न लाग्दा पनि बस पार्क अझै संचालनमा आएन

**दैनिक समाचारदाता**
**राजविराज, २ चैत ।**

उद्घाट्न भएको दश महिना वित्न लाग्दा पनि राजविराज बस पार्क अझै सञ्चालनमा आउन सकेको छैन् ।

राजविराज वडा नं. २ राजदेवी चौकस्थित नवनिर्मित बसपार्कको १० महिना अघि राजविराजका कार्यवाहक नगरप्रमुख इसरत परवीनले उद्घाट्न गरेकी थिइन् । तर, बसपार्क सञ्चालनमा आउन नसक्दा राजविराजको मेनरोडमै जथाभावी रुपमा सार्वजनिक यातायातका साधन पार्किङ गर्ने र त्यहीबाट आवत जावत गर्ने क्रम बढ्दै गएको छ ।

नेपाल सरकारको सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरी मार्फत १५



करोड ६० लाख रुपैयाँको लागतमा १९ हजार ६ सय भन्दा बढी वर्ग किलोमिटरमा फैलिएको आधुनिक सुविधा सम्पन्न बसपार्क निर्माण भएको हो ।

सो बसपार्कमा सोधपुछ कक्ष, टिकट काउन्टर, सर्भिस सेन्टर, बैंक ब्रान्च, प्रतिक्षालय, शौचालय, रेस्टुरेन्ट, मिनिमार्केट, सभाहल, प्रहरी बीट लगायतका संरचना निर्माण गरिएको छ ।

बसपार्क सञ्चालनकै लागि नगरपालिकाले कार्यविधि बनाएर तीन पटक टेण्डर निकालेको तर, कसैले पनि टेण्डर नभर्दा अहिले सम्म बसपार्क सञ्चालनमा नआएको राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख परवीनले जानकारी दिइन् ।

उनले यातायात व्यवसायीको असहयोगले पनि यस्तो अवस्था आएको उल्लेख गर्दै छिट्टै बसपार्क सञ्चालनमा ल्याउने तर्फ काम अघि बढिरहेको बताइन् ।

बि.स. २०४४ सालमा तत्कालिन प्रधानमन्त्री मरिचमानसिह, दोश्रो पटक २०४६ सालमा तत्कालिन अञ्चलाधिश सुर्य वहादुर सेन ओली र तेश्रो पटक २०५२ सालमा तत्कालिन प्रधानमन्त्री शेर बहादुर देउवाले सो बस पार्कको शिलान्यास गरेका थिए । तर, निर्माण काम अगाडी बढ्न सकेको थिएनन् ।

चौथो पटक बि.स. २०७४ सालमा शहरी विकास मन्त्रालयका सचिव दिपेन्द्र नाथ शर्मा र राजविराज नगरपालिकाका तत्कालिन नगर प्रमुख शम्भु प्रसाद यादवले संयुक्त रुपमा बसर्पाकको शिलान्यास गरेपछि निर्माण कार्य शुरु भएको थियो ।

## फागुन महिनाको प्रगति विवरण सार्वजनिक टोल फ्री नम्बर र १०० नम्बरमा फोन गर्न एसपी गौतमको आग्रह



**दैनिक समाचारदाता**
**राजविराज, २ चैत ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले चालु. आ.ब. २०८२/८३ को फागुन महिनाको प्रगति विवरण सार्वजनिक गरेको छ ।

प्रहरी उपरीक्षक गौतम कुमार केसीले सोमबार पत्रकार सम्मेलनको आयोजना गरि उक्त प्रगति विवरण सार्वजनिक गरेका हुन् ।

कार्यक्रममा उनले कार्य सम्पादन मुल्याँकनको आधारमा मधेश प्रदेशमै जिल्ला प्रहरी कार्यालय सप्तरी पहिलो भएको बताए । माघ महिनाको मुल्यांकनमा प्रदेशको ८ वटै जिल्लामा सप्तरी पहिलो र ७७ वटै जिल्लामा ५औं स्थान प्राप्त गरेको उनले जानकारी समेत दिए ।

जिल्ला प्रहरीको टोल फ्री नम्बर र १०० नम्बरमा फोन कम आउने गरेको र प्रहरीका उच्च अधिकारीको नम्बरमा बढी फोन आउने गरेको बताउदै उनले आम नागरिकलाई टोल फ्री नम्बर र १०० नम्बरमा फोन गर्न समेत आग्रह गरे ।

पत्रकार सम्मेलनमा सार्वजनिक गरिएको प्रगति विवरणमा फागुन महिनामा विभिन्न अपराधका ६८, जघन्य तथा गम्भिर अपराधका ७, फैसला कार्यान्वयनको क्रममा ३४ जनालाई पक्राउ गरिएको, महिला तथा बालबालिका तथा जेष्ठ नागरिक तर्फको उजुरी संख्या ५०, हराएका २० जना मध्ये ७ जनालाई फेला परेको, ठाढो उजुरी २०९ वटा आएको मध्ये १८८ फछ्योट भएको, लागुऔषध तर्फ गाँजा ६१ किलो ७७ ग्राम र ब्राउन सुगर ४६० मिलिग्राम नियन्त्रणमा लिएको उल्लेख छ ।

यस्तै अनुचित लेनदेनमा ४१ लाख ४० हजार रुपैयाँ र ५ कठ्ठा ४ धुर जग्गा र १८ लाखको तमसुस समेत फिर्ता गराएको प्रहरी उपरीक्षक केसीले जानकारी दिए । उनले राजस्व चुहाबट तथा भन्सार छली नियन्त्रण तर्फ ६ लाख ४८ हजार एकसय ५० रुपैयाँ बराबरको मालसमान बरामद गरि भन्सार बुझाइएको बताए ।

आगलागी र जनावरको आक्रमणबाट ८८ लाख ८१ हजारको क्षति भएको प्रहरी उपरीक्षक केसीले प्रस्तुत गर्नु भएको प्रतिवेदनमा उल्लेख छ । यस अवधिमा सप्तरी प्रहरीले ७०२ जना लाभान्वित हुने गरि विभिन्न सचेतनामुलक कार्यक्रम समेत गरेको प्रतिवेदनमा उल्लेख छ ।

## पेट्रोलियम पदार्थको मूल्य वद्धि

**दैनिक समाचारदाता**
**काठमाडौँ, २ चैत ।**

नेपाल आयल निगम लिमिटेडले पेट्रोलियम पदार्थको मूल्य वद्धि गरेको छ ।

अन्तरराष्ट्रिय बजारमा भएको मूल्य वृद्धि तथा आपूर्ति व्यवस्थापनको दबाबलाई कारण देखाउँदै नेपाल आयल निगमले पेट्रोल, डिजेल तथा मट्टीतेलको खुद्रा बिक्री मूल्य वृद्धि भएको जनाएको छ ।

निगमका अनुसार नयाँ मूल्य आइतबारैदेखि लागू हुने गरी समायोजन गरिएको छ । मूल्य समायोजनपछि पेट्रोलमा प्रतिलिटर रु ३१, डिजेलमा प्रतिलिटर रु ५४ तथा खाना पकाउने एलपि ग्यासमा रु २१६ वृद्धि गरिएको छ ।

सो मूल्य वृद्धि भएसँगै अब पेट्रोल प्रतिलिटर रु १८८, डिजेल रु १९६ र एलपि ग्यास प्रति सिलिन्डर रु दुई हजार १२६ रुपैयाँ कायम भएको छ ।

अन्तरराष्ट्रिय बजारमा बढेको मूल्यका आधारमा उक्त कम्पनीबाट प्राप्त नयाँ मूल्यसूचीअनुसार नेपालमा मूल्य समायोजन गर्नुपरेको निगमले जनाएको छ ।

## पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको भन्दै भाडा समायोजन गर्न महासंघको माग

काठमाडौँ, २ चैत (रासस) ।

देशभरका यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको भन्दै सवारीसाधनमा भाडा समायोजन गर्न माग गरेको हो ।

महासङ्घका महासचिव डेकनाथ गौतमले सोमबार एक विज्ञप्ति जारी गरी नेपाल आयल निगमले गएराति पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धिप्रति गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो । उहाँले पेट्रोलियम पदार्थको प्रत्यक्ष उपभोग गर्ने आम यातायात व्यवसायी र उपभोक्ता वर्गको हितलाई मध्यनजर नगरी साबिकको मूल्यमा एकाएक भारी मूल्यवृद्धि गर्दा देशभर यातायात सेवा सञ्चालन गर्ने यातायात व्यवसायी एवम् यात्रुमा प्रत्यक्ष असर पर्न गएका बताउनुभयो ।

महासङ्घले नेपाल आयल निगमभित्रको आन्तरिक चुहावट र पेट्रोलियम पदार्थको खपतलाई नियन्त्रण गरी वैज्ञानिक विधि अपनाई पेट्रोलियम पदार्थको सहज आपूर्ति व्यवस्था मिलाउन नेपाल सरकारसमक्ष माग गरेको छ ।

सार्वजनिक यातायात सञ्चालनमा सवारीसाधनहरू डिजेल/पेट्रोलको इन्धन प्रयोग गरी सञ्चालन हुने हुँदा पेट्रोलियम पदार्थको मूल्य घटबढ हुँदा प्रत्यक्ष असर सार्वजनिक सवारीसाधन सञ्चालनमा देखिएको महासङ्घले जनाएको छ ।

नेपाल आयल नियमले गएरातिदेखि डिजेलमा रु १० र पेट्रोलमा रु १५ वृद्धि गरेको थियो । यातायात व्यवस्था विभागले कानुनबमोजिम सङ्घीय रुटको पेट्रोलियम पदार्थमा मूल्यवृद्धि हुँदा वा मूल्य घट्दा स्वचालित प्रणालीबाट मूल्य समायोजन गर्दै आएको भन्दै अहिले पनि उक्त व्यवस्था लागू गर्न अनुरोधसमेत गरेको छ ।

महासङ्घले सङ्घीय रुटको भाडा यातायात व्यवस्था विभागबाट र प्रदेश अन्तर्गतको भाडा सातवटै प्रदेश मन्त्रालयबाट यथाशीघ्र समायोजन गर्नसमेत सरकारसँग माग गरेको छ ।

**पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं।**

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट वच्न सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### नयाँ सरकार र नयाँ नेपालको परिकल्पना

नेपालमा प्रत्येक निर्वाचनपछि जनताले देशमा स्थायित्व, सुशासन र विकासको नयाँ सुरुवात चाहना राख्दछ। नयाँ सरकार गठनसँगै “नयाँ नेपाल” बनाउने आशा पनि पुनः जाग्ने गर्दछ। विगतका अनुभवहरूले केवल सरकार परिवर्तनले मात्र देशको अवस्था परिवर्तन हुँदैन। तर यस पटक जनताले निर्वाचन अघि नै चाहेको सरकारको परिकल्पना निर्वाचनपछीको परिणामले देखाएको छ। यस पटक झण्डै दुई तिहाईको नयाँ सरकार आउने भएको छ। जसबाट जनताले स्थिर सरकार र नयाँ नेपालको परिकल्पनाको इच्छा पुरा गर्ने विश्वास राखेको छ।

नयाँ सरकार गठन हुनु लोकतान्त्रिक प्रक्रियाको महत्वपूर्ण चरण हो। जनताले आफ्नो मतद्वारा प्रतिनिधि चयन गरेर देशको नेतृत्व सुम्पेका हुन्छन्। त्यसैले सरकारको पहिलो दायित्व जनताको विश्वासलाई कायम राख्नु हो। भ्रष्टाचार नियन्त्रण, सुशासनको स्थापना, रोजगारी सिर्जना, शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार जस्ता विषयहरूमा प्रभावकारी काम हुन सके मात्र “नयाँ नेपाल” को सपना साकार हुने कुरामा दुई मत नहोला। यही इच्छा यस पटकको सरकारले पुरा गर्ने अपेक्षा राखौं।

तर नेपालमा अझै पनि आर्थिक चुनौती, बेरोजगारी, विकास निर्माणमा ढिलाइ, प्रशासनिक कमजोरी जस्ता समस्यासँग जुधिरहेको छ। नयाँ सरकारले यी समस्यालाई गम्भीरतापूर्वक लिँदै दीर्घकालीन योजना र नीतिहरू अघि बढाउन आवश्यक छ। तसर्थ यी यस्ता बेतिथिलाई चिर्दै अब बन्ने नयाँ सरकारले विकासका कामहरूलाई गति दिनुका साथै ग्रामीण क्षेत्रसम्म राज्यको सेवा र अवसर पुऱ्याउन अग्रसरता देखाउनु आवश्यक छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘जेनजी आन्दोलन भ्रष्टाचार, बेरोजगारी र कुशासनविरुद्ध युवाको विद्रोह’

काठमाडौँ, २ चैत (रासस)।

अर्थ मन्त्रालयले ‘जेनजी आन्दोलनको बुझाइः मूल कारण, वास्तविकता र सबल नेपालका लागि मार्गचित्र’ शीर्षकमा गरिएको अध्ययन सार्वजनिक गरेको छ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गतको अर्थशास्त्र केन्द्रीय विभागले गरेको उक्त अध्ययनले गत भदौ २३ र २४ गते नेपालमा भएको जेनजी आन्दोलनलाई केवल क्षणिक असन्तोष नभई भ्रष्टाचार, कुशासन, आर्थिक अवसरको अभाव, सामाजिक अन्याय र संस्थागत कमजोरीविरुद्ध युवाको सामूहिक तथा संरचनागत प्रतिक्रियाका रूपमा व्याख्या गरेको छ। अध्ययनले डिजिटल प्रविधिमा हुर्किएको, शिक्षित र सचेत जेनजी पुस्ताले लोकतान्त्रिक शासन प्रणालीमा पारदर्शिता, न्याय, अवसर र उत्तरदायित्वको अपेक्षा राखेको भए पनि ती अपेक्षा समयमा पूरा हुन नसक्दा व्यापक असन्तोष उत्पन्न भएको र यही असन्तोष आन्दोलनका रूपमा प्रकट भएको निष्कर्ष निकालेको छ।

“समग्रमा जेनजी आन्दोलन युवाको क्षणिक आक्रोश मात्र होइन। यो भ्रष्टाचार, कुशासन, आर्थिक अवसरको अभाव, सामाजिक अन्याय र संस्थागत असफलताविरुद्धको सामूहिक तथा संरचनागत प्रतिक्रिया हो”, अध्ययनको सारांशमा भनिएको छ, “सुशासन र संस्थागत सुधार, मेरिटमा आधारित प्रशासन, अनिवार्य डिजिटल गभर्नेन्स, समयसीमाबद्ध नीति कार्यान्वयन, गुणस्तरीय रोजगारी सिर्जना, शिक्षा र सीपलाई श्रम बजारसँग समन्वय, डिजिटल अधिकारको संरक्षण तथा नीति निर्माणमा युवाको संस्थागत सहभागिता सुनिश्चित भए मात्र युवाको विश्वास पुनःस्थापना, सामाजिक स्थायित्व र दिगो लोकतान्त्रिक तथा आर्थिक विकास सम्भव हुने देखिन्छ।”

अध्ययनले आन्दोलनका प्रमुख सामाजिक कारणमा राजनीतिक नेतृत्वप्रतिको घट्दो विश्वास, डिजिटल स्वतन्त्रतामा प्रतिबन्ध, राजनीतिक नेतृत्व र तिनका आफन्तको विलासी जीवनशैली, राज्य सेवामा सीमित व्यक्तिको पहुँच, रोजगारमुखी शिक्षा अभाव, योग्यताअनुसार रोजगारी नपाउनु, तथा राजनीतिक नियुक्तिमा नातावाद-कृपावादलाई औँल्याएको छ। त्यस्तै, समाजका सीमान्तकृत समुदाय विकासको मूल प्रवाहमा समाहित हुन नसक्दा उनीहरूको आक्रोश आन्दोलनका रूपमा प्रकट भएको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

त्यसैगरी, यो अध्ययनले आन्दोलनको प्रमुख आर्थिक कारणका रूपमा बढ्दो बेरोजगारी, रोजगारीका लागि विदेशिनुपर्ने बाध्यता, न्यून आय, न्यून ज्याला, आर्थिक अस्थिरता, उद्यमशीलताको सीमित अवसर र आय असमानता बढ्दै जानुलाई औँल्याएको छ। अध्ययनका अनुसार शिक्षा प्रणाली र श्रम बजारबीच ठूलो अन्तर रहेको छ। उच्च शिक्षा प्राप्त गरे पनि योग्यताअनुसारको रोजगारी नपाउनु युवाको असन्तोषको प्रमुख कारण बनेको उल्लेख गरिएको छ।

अध्ययनले आन्दोलनका सुशासनसम्बन्धी कारणमा प्रशासनिक प्रक्रियाको झन्झटिलोपन, सेवा प्रणालीमा एकद्वार प्रणालीको अभाव, मालपोत, कर तथा सेवा शुल्क बुझाउने कार्यालयमा सेवा भावनाको कमी, सार्वजनिक संस्थामा पारदर्शिताको अभाव, कार्यक्षमताको कमी तथा न्याय प्रणालीमा ढिलासुस्तीलाई मुख्य कारणका रूपमा उल्लेख गरेको छ। भ्रष्टाचारको सन्दर्भमा अधिकांश युवाले नेपालमा भ्रष्टाचार सामान्य स्तरभन्दा व्यापक भएको धारणा व्यक्त गरेका छन्। उनीहरूले भ्रष्टाचारलाई व्यक्तिगत नैतिक कमजोरी नभई प्रणालीगत असफलताको परिणामका रूपमा बुझेको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

भ्रष्टाचार नियन्त्रणका निकायमा राजनीतिक नियुक्ति हुने र ती पदाधिकारी राजनीतिक नेतृत्वप्रति बढी उत्तरदायी हुने धारणा युवामा रहेकोले भ्रष्टाचार नियन्त्रण प्रभावकारी हुन नसकेको बुझाइ युवामा रहेको प्रतिवेदनमा उल्लेख छ। डिजिटल स्वतन्त्रतालाई युवाले लोकतन्त्र र सुशासनको महत्वपूर्ण सूचकका रूपमा लिएका छन्। उनीहरूले डिजिटल अधिकारलाई नागरिकको नैसर्गिक अधिकार मान्ने गरेको अध्ययनले देखाएको छ। डिजिटल सेवामा केही सुधार देखिए पनि पहुँचको असमानता, प्राविधिक कमजोरी र व्यवस्थापकीय समस्या अझै कायम रहेको अध्ययनमा उल्लेख छ।

स्थलगत सर्वेक्षणअनुसार आन्दोलनले आर्थिक स्थिरता र निजी क्षेत्रको लगानी वातावरणमा नकारात्मक प्रभाव पारेको छ। यसले लगानीकर्ताको मनोविज्ञान र उद्यमशीलताको आत्मविश्वास कमजोर बनाएको अध्ययनले देखाएको छ। अध्ययनका अनुसार आन्दोलनका क्रममा देशभर आगजनी, तोडफोड तथा लुटपाटका घटनाका कारण करिब रु ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको भौतिक क्षति भएको अनुमान गरिएको छ।

यद्यपि, अध्ययनले आन्दोलनका केही सकारात्मक प्रभाव पनि देखाएको छ। जसमा परम्परागत राजनीतिक नेतृत्वको दम्भमा कमी आउनु, राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रमा उत्तरदायित्वको भावना बढ्नु, युवापुस्तामा राजनीतिक चेतनाको वृद्धि हुनु तथा भ्रष्टाचारविरुद्ध संस्थागत दबाब सिर्जना हुनु समावेश छन्।

अध्ययनले जेनजी आन्दोलनबाट प्राप्त सङ्केतलाई आधार मानेर विभिन्न नीतिगत सुधारका सुझाव दिएको छ। राजनीतिलाई पेसाभन्दा राष्ट्रनिर्माण र राष्ट्रसेवाका लागि गरिने पवित्र कार्यका रूपमा बुझ्नुपर्ने, राजनीतिक नियुक्ति पारिवारिक आधारमा नभई खुला प्रतिस्पर्धाबाट गर्नुपर्ने, शिक्षा प्रणालीलाई सीप र रोजगारीसँग जोड्नुपर्ने, सीमान्तकृत समुदायलाई विकासको मूल प्रवाहमा समावेश गर्नुपर्ने तथा आय असमानता घटाउनुपर्ने लगायत सुझाव समेटिएका छन्।

त्यस्तै, आर्थिक नीतिहरू कम्तीमा पाँच वर्षका लागि स्थिर बनाउनुपर्ने, सेवा प्रवाहलाई पारदर्शी, छिटो र जनमैत्री बनाउनुपर्ने, व्यापार र व्यवसायसम्बन्धी सेवा एकद्वार प्रणालीबाट उपलब्ध गराउनुपर्ने, भ्रष्टाचार नियन्त्रणका संवैधानिक निकायमा प्रतिस्पर्धाका आधारमा सक्षम र इमानदार व्यक्ति नियुक्त गर्नुपर्ने सुझाव पनि दिइएको छ। डिजिटल क्षेत्रको नियमन नियन्त्रणमुखी नभई अधिकारमैत्री बनाउनुपर्ने, माध्यमिक शिक्षामा अनिवार्य व्यावसायिक विषय समावेश गर्नुपर्ने तथा लगानीकर्ताले रोजगारी सिर्जना गर्ने परियोजनामा लगानी बढाउनुपर्ने अध्ययनको सिफारिस छ।

अध्ययनले नैतिक शिक्षा पुनः माध्यमिक तहमा अनिवार्य विषयका रूपमा समावेश गर्नुपर्ने सुझाव पनि दिएको छ। अध्ययनले आन्दोलनबाट भएको भौतिक क्षतिको पुनर्निर्माणलाई तत्कालीन प्राथमिकताका रूपमा अघि बढाउनुपर्ने उल्लेख गरेको छ। बैंकिङ क्षेत्रमा पर्याप्त तरलता रहेको, बजारमा कर्जाको माग कम रहेको तथा ब्याजदर ऐतिहासिक रूपमा कम भएकाले सरकारले बैंकिङ क्षेत्रबाट ऋण लिएर पुनर्निर्माण कार्यलाई तीव्रता दिन सक्ने अध्ययनले सुझाव दिएको छ। यस्तो लगानीले राष्ट्रिय आय र समग्र माग बढाएर अर्थतन्त्रलाई पुनः चलायमान बनाउन सहयोग पुग्ने पनि अध्ययनको निष्कर्ष छ।

अध्ययनअनुसार आन्दोलनमा सहभागी युवामध्ये करिब ९८ प्रतिशतले माध्यमिक वा सोभन्दा माथिल्लो शिक्षा हासिल गरेका छन्। उमेरगत रूपमा १६ देखि २५ वर्ष समूहको सहभागिता सबैभन्दा धेरै रहेको पाइएको छ। पेसागत दृष्टिले विद्यार्थी, बेरोजगार र स्वरोजगार युवाहरूको उपस्थिति उल्लेखनीय देखिएको छ।

## इनिशा विक हत्या प्रकरण : दोषीलाई कानुनी दायरामा ल्याउन पीडित परिवारको माग

काठमाडौँ, २ चैत (रासस)।


बालिका इनिशा विक हत्यासम्बन्धी घटनाको शीघ्र छानबिन गरी संलग्न दोषीलाई कानुनबमोजिम कारबाही गर्न पीडित परिवारले माग गरेको छ। पीडित परिवारका तर्फबाट इनिशा विकका दाइ चन्द्रबहादुर विक र तपेन्द्र विकले सोमबार गृहमन्त्री ओमप्रकाश अर्याललाई भेट गरी घटनाको सत्यतथ्य सार्वजनिक गरी दोषीलाई कानुनी दायरामा ल्याई पीडितलाई न्याय दिलाउन आग्रह गरेका हुन्।

साथै, यस्ता प्रकारका महिला तथा बालबालिकामाथि हुने यौन हिंसा तथा जघन्य अपराधका घटना दोहोरिन नदिन तथा न्यायको सुनिश्चितता र सुरक्षित समाज निर्माणका लागि सम्बन्धित निकाय, नागरिक समाज, पत्रकार तथा सम्पूर्ण सरोकारवालाले गम्भीरतापूर्वक ध्यान दिन पीडित परिवारले माग गरेको छ।

ज्ञापन-पत्र ग्रहण गर्दै मन्त्री अर्यालले घटनाको अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याइने बताउनुभयो। मुलुकमा दण्डहीनताको अन्त्य हुनुपर्ने भन्दै कुनै पनि प्रकारका आपराधिक घटना र अवाञ्छित गतिविधि नियन्त्रण गरी शान्ति सुव्यवस्था कामय गर्न सरकार जिम्मेवारीका साथ लागि परेको उहाँले बताउनुभयो।

गत फागुन २३ गते सुर्खेतको वीरेन्द्रनगर-४ सहिदपार्क नजिकै जनजागरण सामुदायिक वनमा १६ वर्षीय बालिका इनिशा विकको बलात्कारपछि हत्या भएको थियो।

# होर्मुज बन्द : विश्व बजारमा दबाब




तेहरान, २ चैत (रासस/एएफपी)।

इरानले कच्चा तेल आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण मानिने स्ट्रेट अफ होर्मुज प्रभावकारी रूपमा बन्द गरेपछि विश्व ऊर्जा बजारमा तीव्र दबाब देखिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार नाटोका साझेदार राष्ट्रहरू तथा चीनलाई उक्त जलमार्ग पुनः सञ्चालनमा ल्याउन सहयोग गर्न आग्रह गर्नुभएको छ।

अमेरिका-इजरायलसँग जारी युद्धको प्रतिउत्तरस्वरूप इरानले खाडी क्षेत्रको यो प्रमुख जलमार्ग बन्द गरेपछि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य एकाएक ४० देखि ५० प्रतिशतसम्म उक्लिएको छ। युद्ध तेस्रो हप्तामा प्रवेश गरिरहँदा कच्चा तेलको मूल्य सोमबार करिब १०० डलर आसपास पुगेको देखिएको छ। इजरायलले इरानभित्र अझै पनि 'हजारौं लक्ष्य' रहेको दाबी गर्दै दैनिक रूपमा नयाँ लक्ष्य पहिचान गरिरहेको जनाएको छ।

ट्रम्पले संयुक्त राज्य अमेरिका इरानसँग वार्तामा रहेको भए पनि तेहरान तत्काल युद्ध अन्त्य गर्ने सहमतिमा पुग्ने अवस्थामा नदेखिएको बताउनुभयो। "मलाई लाग्दैन उनीहरू अहिले तयार छन्, तर उनीहरू निकै नजिक आइपुगेका छन्", उहाँले भन्नुभयो। यसअघि इरानका विदेशमन्त्रीले भने वासिङ्टनसँग कुनै पनि प्रकारको वार्ता अस्वीकार गरिएको बताउनुभएको थियो।

अमेरिकी राष्ट्रपतिले चीन, फ्रान्स, जापान, दक्षिण कोरिया र बेलायतजस्ता देशहरूलाई स्ट्रेट अफ होर्मुज हुँदै जाने तेल ट्याङ्करहरूको सुरक्षाका लागि नौसैनिक जहाज पठाउन आग्रह गर्नुभएको छ। फाइनान्सियल टाइम्ससँग कुरा गर्दै उहाँले स्ट्रेट अफ होर्मुजबाट लाभ लिने देशहरूले त्यस क्षेत्रमा कुनै अप्रिय घटना हुन नदिन सहयोग गर्नु उचित हुने बताउनुभयो। संयुक्त राज्य अमेरिकाको तुलनामा युरोपेली देशहरू र चीन खाडी क्षेत्रबाट आउने तेलमा धेरै निर्भर रहेका छन्।

बेइजिङले स्ट्रेट अफ होर्मुज पुनः सञ्चालनका प्रयासमा सहयोग नगरे चिनियाँ राष्ट्रपति सी जिनपिङसँग यस महिनाको अन्त्यमा हुने तय गरिएको शिखर सम्मेलन स्थगित हुन सक्ने चेतावनी पनि ट्रम्पले दिनुभएको छ। उहाँले आफ्नो आग्रह अस्वीकार भएमा त्यसले नाटोको भविष्यका लागि पनि नकारात्मक प्रभाव पार्न सक्ने बताउनुभयो।

तर जापान र अस्ट्रेलियाले भने अहिलेका लागि सैनिक तैनाथ गर्ने योजना नभएको स्पष्ट पारेका छन्।

यसैबीच इरानले अन्य देशहरूलाई मध्यपूर्वमा फैलिएको युद्धमा प्रत्यक्ष रूपमा संलग्न नहुन चेतावनी दिएको छ। फ्रान्सका विदेशमन्त्री जिन-नोएल बारोटसँगको टेलिफोन संवादमा इरानका विदेशमन्त्री अब्बास अराघचीले द्वन्द्वलाई थप विस्तार गर्ने कुनै पनि कदमबाट टाढा रहन आग्रह गर्नुभएको थियो। उहाँले क्षेत्रीय सुरक्षाका नाममा अमेरिकी सैन्य उपस्थितिले समस्या समाधान गर्नुको सट्टा तनाव बढाइरहेको आरोप लगाउनुभयो र छिमेकी देशहरूलाई 'विदेशी आक्रमणकारीलाई बाहिर निकाल्न' आह्वान गर्नुभयो।

युद्धसँगै इरानले अमेरिकी सेना रहेको मध्यपूर्वका विभिन्न स्थानमा आक्रमण तीव्र बनाएको छ। इटालीको सेनाले कुवेतस्थित अली अल सलेम एयरबेसमा भएको ड्रोन आक्रमणमा इटालीको मानवरहित विमान नष्ट भएको तर मानवीय क्षति नभएको जनाएको छ। इटालीका विदेशमन्त्री एन्टोनियो ताजानीले घटनालाई कम महत्त्व दिँदै आफ्नो देश कसैसँग युद्धमा नरहेको स्पष्ट पार्नुभयो।

इराकी अधिकारीहरूका अनुसार बगदाद अन्तर्राष्ट्रिय विमानस्थलस्थित अमेरिकी कूटनीतिक सुविधा नजिकै रकेट प्रहार हुँदा पाँच जना घाइते भएका छन्। उता इरानको रिभोलुसनरी गार्ड्सले हालसम्म अमेरिका र इजरायलसँग सम्बन्धित लक्ष्यहरूतर्फ करिब ७०० मिसाइल र तीन हजार ६०० ड्रोन प्रहार गरिएको दाबी गरेको छ।

साउदी अरेबियाले पनि सोमबार मध्यरातयता ६० भन्दा बढी ड्रोन रोकेको जनाएको छ। दुबई विमानस्थल नजिक ड्रोनसँग सम्बन्धित घटनापछि आगलागी हुँदा केही समयका लागि उडान स्थगित गर्नुपरेको थियो। फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले भने इराकको कुर्दिस्तान क्षेत्रमा इरानी डिजाइनको ड्रोन आक्रमणमा फ्रान्सेली सैनिक मारिएपछि फ्रान्सका हितमाथि भएको आक्रमण अस्वीकार्य भएको बताउनुभएको छ।

यसबीच द्वन्द्व लेबनानसम्म फैलिएको देखिएको छ। इजरायलले बेरुतको दक्षिणी उपनगरहरूमा नयाँ हवाई आक्रमण सुरु गरेको जनाएको छ।

ऊर्जा बजारमा भने आपूर्ति सङ्कट टार्न अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले सदस्य राष्ट्रहरूले रणनीतिक भण्डारबाट करिब ४० करोड ब्यारेल तेल बजारमा पठाउन सुरु गर्ने निर्णय गरेको जनाएको छ। एसिया-ओसिनिया क्षेत्रका देशहरूले तत्काल भण्डार उपलब्ध गराउनेछन् भने युरोप र अमेरिकाले आगामी हप्तामा त्यसलाई पछ्याउने अपेक्षा गरिएको छ।

मध्यपूर्वबाट आउने तेलमा ९५ प्रतिशत निर्भर रहेको जापानले आफ्नो सरकारी राजपत्रमार्फत देशको तेल भण्डार स्तर घट्दै गएको सूचना जारी गरेको छ। यस कदमले भण्डार व्यवस्थापकहरूलाई केही तेल बजारमा छोड्न बाध्य पार्नेछ।

स्ट्रेट अफ होर्मुज बन्द भएपछि विश्वका विभिन्न देशमा त्यसको प्रभाव देखिन थालेको छ। अस्ट्रेलियाका अधिकारीहरूले मूल्य वृद्धि र हडबडाहटमा किनमेल नगर्न सर्वसाधारणलाई आग्रह गरेका छन्। भारतमा भने आयात अवरोधका कारण रेस्टुरेन्टहरूले खाना पकाउने ग्यास बचत गर्न मेनु परिवर्तन गर्न थालेका छन्।

सिड्नी नजिकै बस्ने ल्यान्डस्केपर एम्मा फुटर्लेबले इन्धन महँगिएपछि आफ्नो बजेटमा दबाब परेको बताउनुभयो। "यसले हाम्रो खर्चमा सीधा असर गरेको छ", उहाँले भन्नुभयो।

उता तेहरानमा भने युद्ध सुरु भएको केही दिनपछि जीवन क्रमशः सामान्य बन्न थालेको देखिएको छ। गत हप्ताको तुलनामा सहरमा यातायात चहलपहल बढेको छ र केही क्याफे तथा रेस्टुरेन्ट पुनः सञ्चालनमा आएका छन्। फारसी नयाँ वर्ष नौरुज नजिकिँदै गर्दा लोकप्रिय ताजरिश बजारका धेरै स्टलहरू खुल्न थालेका छन्। नगद निकाल्न एटीएमहरूमा लामो लाइन देखिएको छ भने देशकै ठूलो बैंक मेलीको अनलाइन सेवा केही दिनदेखि अवरुद्ध भएको जनाइएको छ।

राजधानी बाहिरका क्षेत्रहरूमा पनि समान अवस्था देखिएको छ। क्यास्पियन सागर किनारको मजन्दरान प्रान्तस्थित टोनेकाबोन सहरका ४९ वर्षीय अलीले पसलहरू खुला र भीडभाड रहेको बताउनुभयो। यद्यपि मूल्य बढेको अनुभव भइरहेको उहाँको भनाइ छ। उहाँका अनुसार मुख्य चोक भने हरेक रात बन्द गरिन्छ र सरकारी प्रदर्शनहरू आयोजना भइरहेका छन्। बाह्य इन्टरनेट सेवा बन्द भएकाले देशभित्रको इन्ट्रानेट मात्रै चलिरहेको बताइएको छ।

इरानी स्वास्थ्य मन्त्रालयका अनुसार अमेरिका र इजरायलका आक्रमणबाट हालसम्म एक हजार २०० भन्दा बढी मानिसको मृत्यु भएको छ, यद्यपि यो तथ्याङ्क स्वतन्त्र रूपमा पुष्टि हुन सकेको छैन। संयुक्त राष्ट्रसङ्घीय शरणार्थी एजेन्सीले इरानभित्र करिब ३२ लाख मानिस विस्थापित भएको जनाएको छ।

## ऊर्जा बजारको अस्थिरता कम गर्न आपतकालीन तेल आपूर्ति सुरु हुने

पेरिस, २ चैत (रासस/सिन्ह्वा)।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले एसिया र ओसियानिया क्षेत्रका सदस्य राष्ट्रहरूले आफ्नो आपतकालीन तेल भण्डारबाट तेल तुरुन्तै बजारमा पठाउने जनाएको छ। विश्व बजारमा देखिएको अस्थिरता कम गर्न यस्तो कदम चालिएको जनाइएको छ।

एजेन्सीद्वारा आइतबार जारी विज्ञप्तिअनुसार आपतकालीन भण्डारबाट तेल छिट्टै विश्व बजारमा आपूर्ति हुन सुरु हुनेछ। यसका लागि सदस्य राष्ट्रहरूले तेल सार्वजनिक गर्ने सम्बन्धी आफ्ना कार्यान्वयन योजना पनि पेश गरिसकेका छन्। अमेरिका र युरोप क्षेत्रका सदस्य राष्ट्रहरूको भण्डारबाट भने मार्च महिनाको अन्त्यतिरदेखि तेल उपलब्ध गराइने जनाइएको छ।

एजेन्सीका अनुसार मध्यपूर्वमा जारी द्वन्द्वका कारण विश्व तेल आपूर्तिमा परेको अवरोधलाई ध्यानमा राख्दै मार्च ११ मा ३२ सदस्य राष्ट्रहरूले संयुक्त रूपमा चार सय लाख ब्यारेल तेल सार्वजनिक गर्ने निर्णय गरेका थिए।

उक्त परिमाणमध्ये २७१ दशमलव ७ लाख ब्यारेल सरकारी भण्डारबाट, ११६ दशमलव ६ लाख ब्यारेल उद्योग क्षेत्रले अनिवार्य रूपमा राखेको भण्डारबाट र २३ दशमलव ६ लाख ब्यारेल अन्य स्रोतबाट उपलब्ध गराइने जनाइएको छ। कुल तेलमध्ये ७२ प्रतिशत कच्चा तेल र २८ प्रतिशत प्रशोधित पेट्रोलियम पदार्थ रहनेछ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले मध्यपूर्वमा जारी युद्धले विश्व तेल बजारको इतिहासमै सबैभन्दा ठूलो आपूर्ति अवरोध सिर्जना गरेको जनाएको छ। एजेन्सीका अनुसार सदस्य राष्ट्रहरूको संयुक्त कदम हालसम्मकै सबैभन्दा ठूलो सामूहिक आपतकालीन पहल हो, जसले विश्व तेल आपूर्तिमा महत्वपूर्ण सहारा प्रदान गर्ने अपेक्षा गरिएको छ।

यद्यपि एजेन्सीले तेल बजार स्थिर बनाउन होर्मुज जलडमरूमध्यबाट हुने सामान्य समुद्री ढुवानी पुनः सञ्चालन हुनु सबैभन्दा महत्वपूर्ण कारक रहेको पनि उल्लेख गरेको छ।

# विश्व समाचार

## अन्तर्राष्ट्रिय तेल आपूर्ति सुरक्षित गर्न ट्रम्पको पहल

वासिङ्टन, २ चैत (रासस/एपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार करिब सात देशलाई हर्मुज स्ट्रेटमा आफ्नो जलमार्गको सुरक्षा गर्न युद्धपोत पठाउन आग्रह गर्नुभएको छ। तर अहिलेसम्म कुनै देशले स्पष्ट प्रतिबद्धता दिएको छैन। तेलको मूल्य युद्धको कारण अत्यधिक बढेको छ। ट्रम्पले भन्नुभयो, "म यी देशहरूलाई आफ्नो क्षेत्रको सुरक्षा गर्न आग्रह गर्दैछु। किनभने यो उनीहरूको आफ्नो क्षेत्र हो।"

**ईरानको प्रतिक्रिया**

ईरानका विदेशमन्त्री अब्बास अराघ्चीले केही देशहरूले आफ्ना जहाजहरूको सुरक्षित मार्गका लागि संपर्क गर्नुभएको बताउनुभएको छ, तर निर्णय पूर्ण रूपमा ईरानी सेनाको अधिकारमा रहेको छ। ईरानले संयुक्त राज्य अमेरिका र उसका सहयोगीहरू बाहेक अन्य सबै देशका जहाजहरूलाई स्ट्रेट प्रयोग गर्न खुला राखेको छ। उहाँले भन्नुभयो,"हामीसँग अमेरिकासँग वार्ता गर्ने कुनै कारण छैन। यस युद्धको सुरुवात इजरायल र अमेरिकाले मिलेर फेब्रुअरी २८ मा गरेका हमलाबाट भएको हो।"

**अन्य देशहरूको प्रतिक्रिया**

युद्धको अवस्थामा अन्य देशहरूले प्रतिक्रिया दिएका छन्। बेलायतका प्रधानमन्त्री किएर स्टारमरले ट्रम्पसँग स्ट्रेट पुनः खुला राख्नको महत्वबारे छलफल गर्नुभयो। चीनले स्थिर र अवरुद्ध ऊर्जा आपूर्ति सुनिश्चित गर्न सबै पक्ष जिम्मेवार रहेको बताएको छ। दक्षिण कोरियाले स्थिति ध्यानपूर्वक अध्ययन गरिरहेको छ भने फ्रान्सले अन्य यूरोपेली र एशियाली देशहरूसँग मिलेर सम्भावित अन्तर्राष्ट्रिय सुरक्षा मिशनको तयारी गरिरहेको छ।

**मिसाइल र ड्रोन हमलाहरू**

संयुक्त अरब इमिरेट्स, साउदी अरब, कुवेत र बहरैनले ईरानी मिसाइल वा ड्रोन हमलाको रिपोर्ट गरेका छन्। दुबई अन्तर्राष्ट्रिय विमानस्थल अस्थायी रूपमा बन्द गरिएको थियो, जहाँ एक इन्धन ट्याङ्कमा ड्रोनले आगो लगाएको थियो। ईरानले शुक्रवार अमेरिकी आक्रमणमा खार्ग टापुलाई निशाना बनाएको दाबी गरेको छ, जहाँ मुख्य तेल टर्मिनल रहेको छ। ईरानले यसको तेल र ऊर्जा पूर्वाधारमा हमला भएमा तीव्र जवाफ दिने चेतावनी दिएको छ।

**युद्धको मानवीय असर**

युद्धले क्षेत्रभर गम्भीर मानवीय असर पारेको छ। ईरानी मिसाइल आक्रमणमा कम्तीमा दर्जनौं नागरिक मारिएका छन्। ईरानमा एक हजार ३०० भन्दा बढी मानिसको मृत्यु भएको छ, जसमा २३३ महिला र २०२ बच्चा छन्। इजरायलमा १२ जनाको मृत्यु भएको छ र थप घाइते भएका छन्। लेबनानमा ८२० भन्दा बढीको मृत्यु र करिब ८० हजार मानिस विस्थापित भएका छन्। ईरानी मिसाइलहरूले इजरायलका विभिन्न शहर र तेल अविभागलाई निशाना बनाएका छन्, साथै क्लस्टर बम प्रयोग भएको रिपोर्ट पनि आएको छ।

**तेल बजार र आपूर्ति**

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले आपतकालीन तेल भण्डारमार्फत बजारमा आपूर्ति बढाउने योजना अघि सारेको छ। एशियाली देशहरूले तुरुन्तै भण्डार रिलीज गर्ने तयारी गरिरहेका छन् भने युरोप र अमेरिका मार्च अन्त्यदेखि भण्डार जारी गर्नेछन्। ट्रम्पले युद्ध सकेपछि तेलको मूल्य छिट्टै घट्ने बताउनुभएको छ।

## चीनद्वारा नयाँ उपग्रह 'याओगान-५०-०२' प्रक्षेपण

ताइयुआन, २ चैत (रासस/सिन्ह्वा)।

चीनले उत्तरी चीनको शान्सी प्रान्तस्थित ताइयुआन उपग्रह प्रक्षेपण केन्द्रबाट आइतबार सफलतापूर्वक नयाँ उपग्रह 'याओगान-५०-०२' प्रक्षेपण गरेको छ। उक्त उपग्रहलाई राति ९:२२ बजे स्थानीय समयअनुसार परिमार्जित लङ मार्च-६ वाहक रकेटमार्फत अन्तरिक्षमा पठाइएको हो। प्रक्षेपणपछि उपग्रहले आफ्नो निर्धारित कक्षमा प्रवेश गरिसकेको र सम्पूर्ण प्रक्षेपण अभियान पूर्ण सफल भएको जानकारी चीनको अन्तरिक्ष विभागले दिएको छ।

'याओगान-५०-०२' उपग्रहको मुख्य उद्देश्य भू-सर्वेक्षण, बाली उत्पादनको अनुमान र प्राकृतिक विपद् रोकथाम तथा राहत कार्यमा सहयोग पुर्‍याउनु रहेको छ। यसले चीनमा कृषि, वातावरण व्यवस्थापन, भू-संपदा निगरानी र विपद् व्यवस्थापन क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। यो प्रक्षेपण लङ मार्च वाहक रकेट श्रृंखलाको ६३३औं उडान अभियान भएको बताइएको छ। लङ मार्च रकेट श्रृंखला चीनको अन्तरिक्ष कार्यक्रमका मुख्य स्तम्भमध्ये एक मानिन्छ र यसले उपग्रह प्रक्षेपण र अन्तरिक्ष अन्वेषणका विभिन्न परियोजनाहरूमा महत्वपूर्ण भूमिका खेलेको छ।

चीनले पछिल्ला वर्षहरूमा आफ्नो अन्तरिक्ष कार्यक्रममा तीव्र प्रगति गरिरहेको छ। यस प्रक्षेपणसँगै चीनले आफ्नो उपग्रह क्षमता बलियो बनाउँदै वैश्विक भू-सर्वेक्षण, कृषि तथा आपत्कालीन व्यवस्थापन क्षेत्रमा उच्च स्तरको डेटा उपलब्ध गराउने लक्ष्य राखेको छ। प्रक्षेपणको क्रममा प्रयोग गरिएको परिमार्जित लङ मार्च-६ रकेटले उपग्रहलाई सुरक्षित रूपमा निर्धारित कक्षमा पुर्‍याएको र आगामी समयमा यसले नियमित रूपमा जानकारी संकलन गरी चीनको नीति तथा अनुसन्धान क्षेत्रमा सहयोग पुर्‍याउने बताइएको छ। यस प्रक्षेपणले चीनको अन्तरिक्ष कार्यक्रमको दायरा र क्षमतामा थप विस्तार गरेको देखिन्छ, साथै देशको सामरिक तथा वैज्ञानिक उपग्रह प्रणालीमा आत्मनिर्भरता बढाउने दिशामा ठूलो कदम भएको विश्लेषकहरूले बताएका छन्।

# मधेस प्रदेशमा आँप उत्पादनमा वृद्धि हुने

जनकपुरधाम, २ चैत (रासस) ।

मधेश प्रदेशमा यस वर्ष आँप उत्पादनमा वृद्धि हुने भएको छ । मधेस प्रदेशको आठवटै जिल्लामा खेत तथा बगैंचामा लगाइएका आँपको रूखमा अत्यधिक मजरी अर्थात् फुल लागेको छ ।

चैत/वैशाखमा चल्ने हावाहुरी, असिना तथा मधुवा रोगको प्रभाव नपरे यस वर्ष मधेसमा आँप उत्पादन उल्लेख्य हुने सम्भावना छ । आठवटै जिल्लामा गत वर्षको तुलनामा यस वर्ष करिब ६० प्रतिशतभन्दा बढी आँप उत्पादन हुने मधेस प्रदेशको कृषि विकास निर्देशनालयका वरिष्ठ बागवानी विकास अधिकृत प्रदीपकुमार यादवले जानकारी दिनुभयो । यस वर्ष मधेसका किसानले करिब ३० हजार ८०० हेक्टर क्षेत्रफलमा आँप खेती गरेका छन् । मौसमअनुकूल रहेमा प्रदेशमा चार लाख मेट्रिक टनभन्दा बढी आँप उत्पादन हुने उहाँले बताउनुभयो ।

मधेसका जिल्लामध्ये धनुषा, महोत्तरी, सिरहा र सप्तरी आँप उत्पादनका हिसाबले अग्रणी मानिन्छन् । व्यावसायिक रूपमा आँप खेती विस्तार हुँदै गएको यस प्रदेशले देशको कुल आँप उत्पादनको करिब ७६ प्रतिशत हिस्सा ओगट्ने गरेको निर्देशनालयको तथ्याङ्कमा उल्लेख छ । गत आर्थिक वर्षमा मधेसका किसानले ३० हजार ६०० हेक्टरमा आँप खेती गरेका थिए । त्यसबेला प्रदेशमा तीन लाख ९५ हजार ९६२ मेट्रिक टन आँप उत्पादन भएको थियो ।

मधेसका किसानले विशेषगरी मालदह, बम्बै, कलकत्तिया, अम्रपाली र दशहरी नकुअवा, केरवा, बिजु, सिपियालगायत आँपको खेती गर्दै आएका छन् । यहाँ उत्पादन हुने आँप स्थानीय बजारसँगै काठमाडौंलगायत देशका प्रमुख सहरमा पनि बिक्री हुने गरेको छ । यस वर्ष बोटभरि लागेको मञ्जरीले किसानलाई उत्साहित बनाएको छ ।

बगैंचामा यति धेरै फूल देखिएपछि व्यापारी ठेक्कामा लिन गाउँगाउँ पुग्न थालेको किसान विल्टु महतोले जानकारी दिनुभयो । आँप खेतीबाट मनग्य आम्दानी हुन थालेपछि पछिल्ला वर्षमा मधेसका किसान यसतर्फ आकर्षित हुँदै गएका छन् । कृषि विज्ञ भगिरथ यादवका अनुसार बगैंचा व्यवस्थापन र रोग नियन्त्रणमा ध्यान दिनसके मधेसमा आँप उत्पादनमा अझै वृद्धि हुने सम्भावना छ ।

नेपालमा विदेशी आँपको आयात पनि उल्लेख्य मात्रामा हुँदै आएको छ । प्लान्ट क्वारेन्टाइन कार्यालय भिठामोडका प्रमुख किशोरकुमार यादवका अनुसार गत आर्थिक वर्षको फागुनदेखि चालु आर्थिक वर्षको कात्तिकसम्म भारतबाट भिठामोड नाका हुँदै ३५९ मेट्रिक टन आँप नेपाल भित्रिएको थियो ।

# ६ वर्ष कैद र रु २२ करोडभन्दा बढी जरिवाना तोकिएका फरार श्रेष्ठ पक्राउ

काठमाडौँ, २ चैत (रासस) ।

६ वर्ष कैद र रु २२ करोडभन्दा बढी जरिवाना तोकिएका एक जना फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा नेपाल शेयर मार्केट्स एन्ड फाइनान्स लिमिटेडका तत्कालीन कार्यकारी अध्यक्ष नागार्जुन नगरपालिका-५ सीतापाइला बस्ने काठमाडौँ महानगरपालिका-२४ बटु घर भएका ६९ वर्षीय योगेन्द्रप्रसाद श्रेष्ठ रहेका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाटबाट खटिएको प्रहरीले निजलाई काठमाडौँ नागार्जुन नगरपालिका-५ सीतापाइलाबाट पक्राउ गरेको हो ।"

पक्राउ परेका श्रेष्ठ समेतले नेपाल शेयर मार्केट्स एन्ड फाइनान्स लिमिटेडसँग सम्बद्ध रही अनियमित एवं गैरकानुनी तवरले निक्षेपकर्ता एवं संस्थाको हित विपरीत हुने कार्य गरी बैङ्किङ कसुरमा संलग्न रहेको हुँदा सर्वोच्च अदालतको २०८१ भदौ ५ गतेको फैसलाले श्रेष्ठलाई दुईवटा मुद्दामा क्रमशः रु १९ करोड ४६ लाख एक हजार ६६२ दशमलव ३९ पैसा जरिवाना, तीन वर्ष कैद रु तीन करोड २१ लाख ३९ हजार ६८१ दशमलव ५१ पैसा जरिवाना तथा तीन वर्ष कैद सजाय ठहर गरेको प्रहरीले जनाएको छ ।

निजलाई फैसला कार्यान्वयनका लागि काठमाडौँ जिल्ला अदालतमा पेस गरिएको छ प्रवक्ता काफ्लेले बताउनुभयो ।

# लोकतान्त्रिक योद्धा यादवको निधनप्रति कांग्रेसद्वारा दुःख व्यक्त

काठमाडौँ, २ चैत (रासस) ।

नेपाली कांग्रेसले लोकतान्त्रिक आन्दोलनका योद्धा रामेश्वरराय यादवको निधनप्रति दुःख व्यक्त गरेको छ ।

कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले सोमबार शोक विज्ञप्ति जारी गरी कांग्रेसबाट निर्वाचित रौतहटको गढीमाई नगरपालिकाका प्रमुख श्यामप्रसाद यादवका पितासमेत रहनुभएका यादवको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको हो । यादवको गएराति निधन भएको थियो ।

स्व यादवले कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्नुभएको कांग्रेसले जनाएको छ । कांग्रेसले यादवको निधनबाट पार्टीले एक अग्रज व्यक्तित्वलाई गुमाएको बताएको छ ।

कांग्रेसले यादवको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्नाका साथै आत्माको चिरशान्तिको कामना साथ शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेको छ ।

# दलहरूले पेस गरेको सूचीमा निर्वाचन आयोगले थाल्यो रुजु प्रक्रिया

काठमाडौँ, २ चैत (रासस) ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा तीन प्रतिशत 'थ्रेसहोल्ड' कटाएका ६ दलले समानुपातिक निर्वाचन प्रणालीतर्फ पेस गरेका ११० निर्वाचित उम्मेदवारको नाममा निर्वाचन आयोगले 'क्लस्टर' अनुसार रुजु प्रक्रिया अघि बढाएको छ ।

निर्वाचनमा समानुपातिकतर्फ एक करोड १२ लाख ८० हजार ६१७ मत खसेको थियो । जसमा एक करोड आठ लाख ३५ हजार २५ मत सदर भएको थियो । सदर मतमध्ये सबैभन्दा धेरै मत प्राप्त गर्ने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले क्लस्टरअनुसार ५७ सांसदको सूची पेस गरेको छ ।

यसैगरी, कांग्रेसले २०, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी)ले १६, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले नौ, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले चार/चार उम्मेदवारको सूची क्लस्टर मिलाएर आइतबार पेस गरेको थियो । क्लस्टर अनुसार सूची मिले नमिलेको रुजु प्रक्रिया अघि बढाइएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो ।

दलहरूले क्लस्टरअनुसार बुझाएको निर्वाचित हुने उम्मेदवारको सूचीमा त्रुटि नभए सोमबार नै निर्वाचितको सूची सार्वजनिक गरिने प्रवक्ता जिसीले बताउनुभयो । दलहरूले क्लस्टरअनुसार बुझाएको सूचीमा केही त्रुटि भई सच्याउनुपर्ने अवस्थामा तीन दिनसम्म समय लाग्न सक्ने छ ।

# त्रिविमा आगामी वर्षदेखि संस्कृत विषयमा विद्यावारिधि तहको अध्यापन हुने

काठमाडौँ, २ चैत (रासस) ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि)मा आगामी वर्षदेखि संस्कृत विषयमा विद्यावारिधि तहको अध्ययन हुने भएको छ ।

त्रिवि मानविकी तथा सामाजिक शास्त्र सङ्कायको विद्यापरिषद्को बैठकले आगामी वर्षदेखि मानविकी सङ्कायअन्तर्गत संस्कृत विषयमा विद्यावारिधि प्रदान गर्ने निर्णय गरेको सङ्कायका सहायक डिन डा बामदेव अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार एक सय दिनभित्रमा मानविकी सङ्कायका सबै परीक्षाका नतिजा प्रकाशित गरिने निर्णयसमेत गरिएको छ ।

यस्तै, त्रिविले आमसञ्चार तथा पत्रकारितामा रङ्गमञ्च कार्यक्रम सञ्चालन गर्न लागिएको सहायक डिन डा अधिकारीले जानकारी दिनुभयो । यसैगरी महोत्तरीको बर्दिवासस्थित नवक्षितिज कलेजको सम्बन्धन खारेजी, रत्नराज्यलक्ष्मी क्याम्पस प्रदर्शनीमार्गलाई आमसञ्चार तथा पत्रकारिता र सरस्वती क्याम्पस ठमेललाई राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तहको अध्यापन अनुमतिलगायत निर्णय गरेको उहाँले बताउनुभयो ।

# राष्ट्रियसभा सदस्यका लागि गृहमन्त्री अर्यालको नाम सिफारिस

काठमाडौँ, २ चैत (रासस) ।

नेपाल सरकारले राष्ट्रियसभाको रिक्त सदस्यमा गृहमन्त्री ओमप्रकाश अर्याललाई सिफारिस गरेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बसेको मन्त्रिपरिषद् बैठकले गृहमन्त्री अर्याललाई राष्ट्रियसभाको रिक्त सदस्य पदमा मनोनीत गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो । राष्ट्रियसभामा हाल रिक्त एक विज्ञ सदस्यमा उहाँको नाम सिफारिस भएको हो ।

स्थायी सदनका रूपमा रहेको ५९ सदस्यीय राष्ट्रिय सभामा तीन जनालाई मन्त्रिपरिषद्को सिफारिस राष्ट्रपतिबाट सदस्यमा मनोनीत गर्ने संवैधानिक प्रावधान छ । सङ्घीय संसद्मा माथिल्लो सदनका रूपमा रहेको राष्ट्रियसभा सदस्यको कार्यकाल ६ वर्षको रहने संवैधानिक व्यवस्था छ । राष्ट्रियसभाको एक तिहाइ सदस्यको गत माघ ११ गते निर्वाचन भएको थियो ।

# अनुदान सहायता स्वीकार गर्ने

काठमाडौँ, २ चैत (रासस) ।

सरकारले दुई करोड, ४२ लाख ६७ हजार ४२७ अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बसेको मन्त्रिपरिषद् बैठकले नेपालका हिम नदी बेसिन क्षेत्रमा हिमताल विस्फोटनजन्य बाढी तथा बाढीबाट उत्पन्न जोखिम न्यूनीकरणमार्फत जीविकोपार्जन तथा सम्पत्तिको संरक्षण परियोजनाका लागि हरित जलवायु कोषबाट संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रममार्फत प्राप्त हुने सो रकम स्वीकार गर्ने निर्णय गरेको हो ।

त्यसैगरी, सरकारले युद्ध प्रभावित पश्चिमी एसियाली मुलुकहरूमा रहेका एंव ट्रान्जिटमा अलपत्र परेका नेपाली नागरिकको तत्काल राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन हाललाई नेपाली राजदूतावास रियाद, अबुधाबी, दोहा, कुवेत सिटी, म्यानमा, मस्कट, इस्लामाबाद, कायरो र तेल अविब तथा नेपाली महावाणिज्य दूतावास जेद्दा र दुबईले आवश्यक व्यवस्था मिलाउने निर्णय गरेको छ ।

विसं २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित जाँचबुझ आयोगले पेस गरेको प्रतिवेदन अध्ययन गर्नेगरी मन्त्रिपरिषद् बैठकले ग्रहण गर्ने निर्णय गरेको गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिनुभयो ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२/१०/१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शंखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np